# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.: १६६००१२७७७७

पत्र संख्याः ०७६/७७

च.नं. ४९३३

मितिः २०७७।०३।१६

श्री वडा कार्यालयहरु,
सवै,
कागेश्वरी मनोहरा नगरपालिका ।

**विषयः सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण उपलव्ध गराइ दिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०७७।०३।१५ च.नं.१७१९ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७५ अनुरुप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि पौष मसान्त भित्रमा नवीकरणका लागि निवेदन दिनु पर्ने व्यवस्था रहेकोमा हाल "सामाजिक सुरक्षा नियमावली, २०७६" लागू भइसकेपछि नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्रमा नवीकरण गर्नुपर्ने व्यवस्था भएकोले सो परिवर्तित व्यवस्था अनुरुप तहाँ वडा भित्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सम्पूर्ण लाभग्राहीहरुको तपसीलमा उल्लेख गरिए अनुसारको विवरण पत्र प्राप्त भएको मितिले ५ (पाँच) दिन भित्रमा यस कार्यालयमा उपलव्ध गराई सहयोग गरी दिनुहुन अनुरोध गरिन्छ । साथै विवरण प्राप्त हुन नसकेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नसक्ने व्यहोरा समेत यसै पत्रबाट जानकारीका लागि अनुरोध छ ।

**तपसील**

१. प्रष्ट नेपाली नागरिकताको प्रतिलिपि - १
२. बाजेको नामः (भएसम्म)
३. बाबुको नामः (अनिवार्य)
४. आमाको नामः (अनिवार्य)
५. फोन नं. (अनिवार्य सकेसम्म आफ्नै नभएमा घरका कुनै सदस्यको)
६. बिधवा नागरिकको हकमा (पतिको मृत्यु दर्ता प्र.प्र.को प्रतिलिपि अनिवार्य)
७. अपाङ्गको हकमा (अपाङ्गताको परिचयपत्रको प्रतिलिपि अनिवार्य)
८. बालबालिकाको हकमा (आमा बुबाको ना.प्र.प्र.को प्रतिलिपि र फोटो अनिवार्य)

२०७७।३।१६

(गिरीराज ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत

**नोटः गत आर्थिक वर्षमा संकलित निवेदनमा माथी उल्लेखित विवरण छुट भएको भए थप गरी सोही निवेदन पेश गर्न सकिनेछ ।**

नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन: ४२११५६१, ४२६४६८१
४२६२०५६, ४२००८९५
फ्याक्स: ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या:- ०७६/०७७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १६९१

कागेश्वरी मनोहरा नगरपालिका
नगरपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल
दर्ता शाखा
दर्ता नं. ६९६९
दर्ता मिति: ०७६/३/१९

विषय: जानकारी सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुरूप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि पौष मसान्तभित्र नाम नवीकरणकोलागि निवेदन दिनुपर्ने ब्यवस्था रहेकोमा हाल सामाजिक सुरक्षा नियमावली,२०७६ लागू भईसकेपछी नियमावलीको नियम ९ अनुरूप प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नवीकरण गर्नुपर्ने ब्यवस्था रहेको छ। सो परिवर्तित ब्यवस्था अनुरूप श्रावण मसान्तभित्र नाम नवीकरण गर्नकोलागि सम्बन्धित सबै लाभग्राहीहरूमा सूचना तथा जानकारी र प्रचार प्रसार गर्नु गराउनुहुन जानकारीकालागि अनुरोध छ।

साबित्रा बस्नेत
शाखा अधिकृत

श्री पंजीकरण शाखा
वडा प्रमुखलाई एकप्रति प्रतिलिपि उपलब्ध गराई
र सबै वडाहरूमा नियमावली बमोजिमको व्यवस्थाका
लागि तुरुन्त पत्राचार गर्ने, office को web / facebook
page मा प्रचार प्रसारको लागि राख्ने।
२०७६/३/१९